# उच्च अदालत जनकपुर

## राजविराज इजलास

फोन नं.तथा फ्याक्स ०३१५२०६८३
(रजिष्ट्रार)
फोन नं. ०३१५२०६८२ (प्रशासन)
mail:- infoacrajbiraj@acourt.gov.np
website:-www.supremecourt.gov.np

पत्र संख्याः-
च.नं.

## वैतनिक कानून व्यवसायी नियुक्त गर्ने सम्वन्धी

# सूचना ।

मितिः- २०७७।०५।२९

यस अदालतमा रिक्त रहेको वैतनिक कानून व्यवसायी पदमा १(एक) वर्षको कार्यकाल रहने गरी अस्थायी प्रकृयाद्वारा, उच्च अदालत नियमावली, २०७४ को नियम १५७ बमोजिम खुल्ला प्रतिस्पर्धाका आधारमा पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र **नेपाली नागरीकता, कानून व्यवसायीको प्रमाणपत्र, शैक्षीक योग्यता तथा अनुभवको प्रमाणपत्रको फोटोकपी निवेदन** साथै राखि यस अदालतको प्रशासन शाखामा बुझाउनु हुन सम्वन्धित सवैको जानकारीको लागि मिति २०७७।०५।२९ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र बाहेक पर्न आएका निवेदनहरु र रीत नपुगी आएका निवेदनहरु उपर कुनै कार्यवाही हुनेछैन । छनौट प्रकृयाका सम्वन्धमा अर्को सूचना प्रकाशित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

वैतनिक कानून व्यवसायीको काम, कर्तव्य तथा सेवाको शर्तहरु :

१. कानूनी सहायता शाखामा रही पक्षले दिएको निवेदनको आधारमा वा अदालतले तोकेको मुद्दामा असहाय, अशक्त, नावालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिको तर्फबाट आवश्यक कानूनी लिखत तयार गर्ने र बहस पैरवी गर्ने,
२. मुद्दासंग सम्वन्धित विषयमा परामर्श दिने,
३. मुद्दाको कारवाहीको अवस्थाका सम्वन्धमा जानकारी दिने,
४. अदालतले तोकेको कारागारको भ्रमण गरी असहाय, असक्षम पक्षलाई कानूनी सहायता प्रदान गर्ने र प्रत्येक महिनाको मासिक प्रतिवेदन तयार गरी पेश गर्ने,
५. प्रचलित कानून बमोजिम कानून व्यवसायीले पालना गर्नुपर्ने आचरण समेत पालना गर्नुपर्ने,
६. सार्वजनिक विदा बाहेक प्रत्येक महिना सम्वन्धित अधिकारीबाट स्वीकृत गराई बढीमा दुई दिन भैपरी विदा लिन सकिने, उक्त विदा अर्को महिनामा संचित नहुने,
७. वैतनिक कानून व्यवसायीले यस अदालतको निशुल्क कानूनी सहायता केन्द्रमा कार्यालय समय सम्म अनिवार्य वस्नुपर्नेछ र अदालतवाट निशुल्क रुपमा वितरण हुने निवेदनका ढाँचाहरु भरि सेवाग्राहीलाई दिने कार्यमा सहयोग गर्ने,
८. अदालतले तोके बमोजिमको मासिक पारिश्रमिक र सुविधा महिना दिन भुक्तान भएपछी प्रत्येक महिना पाउने र सो पदको पदावधी १ वर्षको हुनेछ ।